धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२३ ◆ २०८३ जेष्ठ २६ गते मंगलबार, Tuesday, June 9, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## टोखाबाट खैरोहिरोइनसहित एक जना पक्राउ

काठमाडौं । नेपाल प्रहरीले काठमाडौंको टोखाबाट खैरोहिरोइन र नगद रु एक लाखसहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी प्रभाग नयाँ बसपार्कको टोलीले २० दशमलव ६४ ग्राम लागुऔषध खैरोहिरोइन र रु एक लाख १५ हजार नगदसहित सुनसरीको धरान उपमहानगरपालिका-१५ स्थायी घर भई हाल काठमाडौंको टोखा बस्ने ३८ वर्षीय युगसाङ राईलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले निजले कोठामा लुकाइ रोखेको भन्ने गोप्य सूचनाका आधारमा जाँच गर्दा खैरोहिरोइन र नगद फेला परेको जानकारी दिनुभयो । प्रहरीले पक्राउ परेका राईसँग खैरोहिरोइन, नेपाली रुपैयाँका साथै दुई हजार २०० भारतीय रुपैयाँ, एक थान डिजिटल तराजु र एक थान मोबाइल बरामद गरेको छ । पक्राउ परेका निजका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो ।

## रुकुम पश्चिममा ब्राउन सुगरसहित दुई जना पक्राउ

त्रिवेणी (रुकुम-पश्चिम) । जिल्ला प्रहरी कार्यालय रुकुम-पश्चिमले जिल्लाको मुसिकोट नगरपालिका-५ शेरिगाउँबाट ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा रुकुम-पूर्वको भूमे गाउँपालिका-२ का हिमाल घर्ती र सोही ठाउँका २८ वर्षीय राज बुढा रहेको जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक वेदबहादुर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार उनीहरूको साथबाट प्लास्टिकसहित १३.२९ ग्राम ब्राउन सुगर बरामद गरिएको छ ।

जिल्ला सदरमुकाम खलङ्गाबाट रुकुम पूर्वतर्फ जाँदै गरेको हिमाल घर्तीले चलाएको रा ७ प ९६१६ नम्बर को मोटरसाइकल जाँच गर्ने क्रममा ब्राउन सुगर बरामद गरिएको डिएसपी पौडेलले जानकारी गराउनुभयो । चालक हिमालको साथबाट चस्माको खोलमा प्लास्टिकले बेरी राखेको अवस्थामा १२ पुरिया ११.२६ ग्राम र पछाडि सवार राजको पाइन्टको बायाँ गोजीमा प्लास्टिकमा बेरी राखेको २ पुरिया २.०३ ग्राम गरी कूल प्लास्टिकसहित १३.२९ ग्राम ब्राउन सुगर फेला परेको उहाँको भनाइ छ ।

## दमौली बजारका अवैध संरचना हटाउन आग्रह

दमौली (तनहुँ) । व्यास नगरपालिकाले दमौली बजार क्षेत्रमा सडक अधिकार क्षेत्र तथा सडक पेटी अवरुद्ध हुने गरी निर्माण गरिएका पक्की संरचना, वरन्डा तथा टिनका संरचनाहरू ३५ दिनभित्र हटाउन सम्बन्धित घरधनी तथा सरोकारवालालाई आग्रह गरेको छ ।

नगरपालिकाले सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण सबै नगरवासीको दायित्व भएको उल्लेख गर्दै नगर क्षेत्रको केन्द्र दमौली बजारमा सडक अतिक्रमण गरी बनाइएका संरचनाका कारण आवागमन तथा सार्वजनिक उपयोगमा समस्या उत्पन्न भएको जनाएको छ । व्यास नगर कार्यपालिकाको गत जेठ २२ गते बसेको २३८औं बैठकले यस्ता संरचना हटाउने निर्णय गरेपछि सोमबार ३५ दिने सार्वजनिक सूचना जारी गरिएको हो । सूचनाअनुसार सम्बन्धित घरधनीले तोकिएको अवधिभित्र आफ्नै पहलमा संरचना हटाउनुपर्नेछ । निर्धारित समयभित्र संरचना नहटाएमा प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पूरा गरी व्यास नगरपालिकाले आफैं हटाउने जनाएको छ ।

नगरपालिकाका इन्जिनियर अमृत केसीद्वारा जारी सूचनामा सार्वजनिक हित र सडक व्यवस्थापनलाई प्रभावकारी बनाउन सबैको सहयोगको अपेक्षा गरिएको छ ।

## लुम्बिनी प्रदेश सरकारको प्रवक्तामा स्वास्थ्यमन्त्री घिमिरे

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारको प्रवक्ताको जिम्मेवारी स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरे पाउनुभएको छ । यसअघि कृषि, भूमी व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थी सरकारको प्रवक्ता रहनुभएको थियो ।

नेकपा एमालेले मन्त्री पन्थीलाई सरकारबाट फिर्ता बोलाएपछि सोमबारको मन्त्रिपरिषद् बैठकले नवनियुक्त स्वास्थ्य मन्त्री घिमिरेलाई प्रवक्ताको जिम्मेवारी दिएको हो । बैठकले सामाजिक विकास मन्त्रालयबाट पेस भएको सडक आश्रित मानव व्यवस्थापन कार्यविधि, २०८३ लाई कानुन सचिवको परामर्श लिएर स्वीकृत गर्ने निर्णय गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पेस भएको अध्ययन पूर्वस्वीकृति तथा अध्ययन बिदा स्वीकृतिसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ ।

बैठकले बर्दिया अस्पताल, गुलरियामा प्रदेश स्वास्थ्य सेवा, मेडिकल जनरलिस्ट समूह, एघारौं तहका डा सुवास पाण्डेलाई पदस्थापन गर्ने निर्णय गरेको छ ।

एमाले सचेतकमा रोका मगर

नेकपा एमाले लुम्बिनी प्रदेशसभाको प्रमुख सचेतकमा रोल्पाकी यमुना रोकामगर र सचेतकमा कपिलवस्तुका नवराज लामिछाने नियुक्त हुनुभएको छ । यसअघि प्रमुख सचेतकमा रुपन्देहीका तुलसीप्रसाद चौधरी र सचेतकमा यमुना रोका मगर रहनुभएको थियो ।

प्रमुख सचेतकको जिम्मेवारीमा रहनुभएका चौधरी सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री नियुक्त भएपछि सचेतक रहनुभएकी रोकामगर प्रमुख सचेतकमा नियुक्त हुनुभएको हो । रिक्त रहेको सचेतक पदमा लामिछानेलाई नियुक्त गरिएको हो ।

# आर्थिक संकट ब्यहोर्दै हेटौंडा सिमेन्ट उद्योग

प्रत्यूष समाचारदाता

मकवानपुर । हेटौंडा सिमेन्ट उद्योगमा दिगो आर्थिक स्रोतको व्यवस्थापन हुन नसक्दा आर्थिक सङ्कटको सामना गर्नु परिरहेको छ । दीर्घकालीन रूपमा आर्थिक स्रोतको व्यवस्थापन नहुँदा समय सिमाभित्र कोइला खरिद गर्न तथा कर्मचारीलाई एक वर्षदेखि मासिक तलबभत्ता उपलब्ध गराउन समस्या भइरहेको हो ।

यसअघि उद्योगबाट उत्पादित गुणस्तरीय सिमेन्टको बोरा काठमाडौं, वीरगञ्ज, हेटौंडा, चितवनको नारायणगढ, पोखरा, धनगढी र विराटनगरमा बिक्री वितरण हुने गरेकोमा हाल शून्य अवस्थामा पुगेकाले पनि आर्थिक सङ्कट उत्पन्न भएको हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहले बताउनुभयो ।

उहाँले सोमबार रासससँग कुराकानी गर्दै काठमाडौं, हेटौंडालगायत अन्य सहरमा थप सिमेन्ट बिक्री गर्न सम्बन्धित डिलर, स्थानीय उपभोक्ता, विकास आयोजना प्रमुखसँग प्रत्यक्ष संवाद गरिरहेको जानकारी दिनुभयो । प्रत्येक बोरा सिमेन्टमा केही प्रतिशत मूल्य घटाइने पनि उहाँले उल्लेख गर्नुभयो ।

अहिले करिब ७०-७५ हजार बोरा सिमेन्ट प्याकिङ गरिएको उद्योगका प्रशासन महाशाखाका सहायक प्रबन्धक विकास श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार यहाँबाट उत्पादित प्रत्येक बोरा सिमेन्टको बजार मूल्य रु ७२४ पर्ने उहाँले बताउनुभयो । हेटौंडा, काठमाडौं, वीरगञ्ज, पोखरालगायत प्रमुख सहरमा नीजि क्षेत्रबाट उत्पादित सिमेन्टभन्दा यहाँबाट उत्पादित सिमेन्ट प्रतिबोरा रु ७० भन्दा बढी पर्ने गरेको नेपाल पत्रकार महासङ्घ मकवानपुर पूर्वअध्यक्ष महेन्द्र श्रेष्ठले अनुभव सुनाउनुभयो । मूल्य बढी पर्ने भएकाले सिमेन्ट बिक्रीमा कमी आएको हुनसक्ने हेटौंडा उपमहापालिका-११ निवासी उपभोक्ता सीताराम बर्तौलाले बताउनुभयो ।

उद्योगका सबै कर्मचारीलाई प्रत्येक महिना सञ्चय कोष कट्टीसहित रु ९५ लाख ७० हजार रकम तलबभत्ताबापत वितरण गर्नुपर्ने जनाउँदै सहायक प्रबन्धक श्रेष्ठले रकम अभावले नियमित तलब दिन नसकिएको धारणा राख्नुभयो ।

सिमेन्ट स्थानीयमा बजार आपूर्ति गरी आएको रकमबाट पहिलो चरणमा कर्मचारीलाई तलबभत्ता वितरण गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । दोस्रो चरणमा तीन हजार मेट्रिकटन कोइला खरिद गर्नेतर्फ पहल भइरहेको सहायक प्रबन्धक श्रेष्ठले रासससलाई बताउनुभयो ।

उहाँका अनुसार भरपर्दो आर्थिक विकल्प नहुँदा कर्मचारीले एक वर्षदेखि नियमित रूपमा तलबभत्ता र औषधिउपचार खर्च पाएका छैनन् ।

उद्योगमा अहिले स्थायी सेवा अन्तर्गत १३४, करार तथा सुरक्षामा ५३ र ठेक्केदारमार्फत मजदुरीमा ७० जना कर्मचारी कार्यरत रहँदै आएका उद्योग व्यवस्थापनले जनाएको छ ।

उद्योगमा साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा रहे पनि विभिन्न उपकरण जीर्ण हुँदै जाँदा हाल दैनिक १२ हजार बोरा मात्र सिमेन्ट उत्पादन भइरहेको सहायक प्रबन्धक श्रेष्ठले जानकारी दिनुभयो ।

तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौंडाको लामसुरेमा हेटौंडा सिमेन्ट उद्योगको स्थापना गरेको हो । उद्योगलाई तत्कालीन सरकारले एसियाली विकास बैंकको लागत सहयोगमा रु एक अर्ब ५० करोड लगानी गरेको थियो ।

## गण्डकी अस्पतालमा पनि सुरु भयो निजामती स्वास्थ्य सेवा

प्रत्यूष समाचारदाता

काठमाडौं ः निजामती कर्मचारीले अब प्रदेशस्तरबाटै निजामती कर्मचारी अस्पताल (सिभिल अस्पताल, काठमाडौं) को स्वास्थ्य उपचार सुविधा पाउने भएका छन् । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारी अस्पतालको सेवा प्रदेशस्तरसम्म विस्तार गर्ने नीतिअनुसार प्रदेश अस्पतालबाटै कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन लागेको हो ।

मन्त्रालयका अनुसार निजामती कर्मचारी, अवकाशप्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले प्रदेश अस्पतालसँग सम्झौता सुरु भएको छ । यसैक्रममा सोमबार (हिजै) गण्डकी अस्पताल, पोखरासँग सम्झौता भएको छ । सम्झौतासँगै गण्डकी प्रदेशका निजामती कर्मचारी, अवकाश प्राप्त कर्मचारी तथा आश्रित परिवारले निजामती कर्मचारी अस्पतालले उपलब्ध गराउँदै आएको छुट तथा सहुलियतसहितको स्वास्थ्य सेवा पाउने भएका छन् । सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाश प्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पताल बाट जारी भएको आधिकारिक परिचयपत्र साथमा हुनुपर्नेछ ।

मधेस प्रदेशका लागि नारायणी अस्पताल, वीरगञ्ज (पर्सा) र बागमती प्रदेशका लागि भरतपुर अस्पताल, चितवनसँग यसअघि सम्झौता भइसकेको छ ।

उक्त दुवै अस्पतालबाट आजदेखि निजामती कर्मचारी स्वास्थ्य सेवा सञ्चालनमा आइसकेको मन्त्रालयले जनाएको छ ।

मधेस, बागमती र गण्डकी प्रदेशपछि अन्य प्रदेशमा सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय गरी सेवा प्रदायक अस्पतालहरूको सूचीकरण भइसकेको छ । आवश्यक तयारी पूरा भएपछि सबै प्रदेशबाट निजामती कर्मचारी अस्पतालले उपलब्ध गराउँदै आएको छुट, सहुलियतसहितको स्वास्थ्य उपचार सेवा प्रदान गरिने मन्त्रालयले जनाएको छ ।

यसैबीच, काठमाडौं उपत्यकाबाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाश प्राप्त कर्मचारी र आश्रित परिवारको सहजताका लागि प्रदेशमा स्वास्थ्य सेवा पुऱ्याउन लागिएको सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले बताउनुभयो ।

## मुन्दुम मनसुन ट्रेल रेसः पुरुषमा प्रताप र महिलामा पुष्पा प्रथम

टक्सार । 'आठौं संस्करण मनसुन ट्रेल रेस' अन्तर्गत भएको दौडमा खुला पुरुषतर्फ प्रताप थामसुहाङ र महिलातर्फ पुष्पा शेर्मा प्रथम हुनुभएको छ । अठार किलोमिटरको दौडमा एक घण्टा ५९ मिनेट १९ सेकेण्डमा दूरी पार गर्दै प्रताप र दुई घण्टा ३३ मिनेट १४ सेकेण्डमा दूरी पार गर्दै पुष्पा प्रथम हुनुभएको हो ।

रिमाचुङ एजुकेसन एण्ड स्पोर्टस एकेडेमीको आयोजना तथा टेम्केमैयुङ गाउँपालिकाको आर्थिक सहयोगमा आज सञ्चालन पुरुष तथा महिला खुला र ४० वर्षमाथि महिला, पुरुष (भेट्रान) दौड प्रतियोगितामा ५८ जनाको सहभागिता थियो । चखेवा, बेसक्याम्प, टेम्के, तावाभञ्ज्याङ, पाँचधारे हुँदै चखेवासम्म सञ्चालन भएको दौडको खुला पुरुषतर्फ चन्द्रबहादुर लिम्बु द्वितीय, दीपक राई तृतीय हुनुभयो भने महिलातर्फ रुम्पा राई द्वितीय, दीर्पा बस्नेत तृतीय हुनुभयो । एक सय पर्यटकीय गन्तव्यमा सूचीकृत भोजपुरको प्रसिद्ध पर्यटकीय क्षेत्र मुन्दुम पदमार्गलाई प्रवर्द्धन गरी प्रचारप्रसार गर्ने उद्देश्यले 'आठौं संस्करण मनसुन ट्रेल रेस' आयोजना गरिएको हो । ४० वर्षमाथि पुरुष (भेट्रान) तर्फ दुई घण्टा १२ मिनेट ४९ सेकेण्डमा दूरी पार गर्दै जङ्गवीर कुलुङ प्रथम, किरण कुलुङ द्वितीय र विजयकुमार राई तृतीय हुनुभयो । महिलातर्फ तीन घण्टा २९ मिनेट ३० सेकेण्डमा निर्धारित दूरी पार गर्दै जमुना राई प्रथम, विनिता राई द्वितीय र निर्वा राई तृतीय हुनुभएको आयोजक संस्थाका अध्यक्ष पावीहाङ राईले जानकारी दिनुभयो । उहाँले मुन्दुम पदमार्गमा सबै याममा भ्रमण गर्न सकिन्छ भन्ने सन्देश दिनका लागि पनि मुन्दुम मनसुन ट्रेल रेस आयोजना गरिएको बताउनुभयो । खुला पुरुष तथा महिला दुवैतर्फ प्रथमले रु २५ हजार, द्वितीयले रु १५ हजार र तृतीयले रु १० हजार पुरस्कार प्राप्त गरेका छन् । उक्त विधामा उत्कृष्ट सात जनालाई नगद पुरस्कारको व्यवस्था गरिएको थियो । भेट्रान पुरुष तथा महिलातर्फ प्रथम हुनेलाई रु १५ हजार, द्वितीयलाई रु १० हजार र तृतीयलाई रु पाँच हजार पुरस्कार प्रदान गरिएको छ ।

*सम्पादकीय ....*

## सरकार गम्भीर बन्नुपर्छ

राजनीति व्यक्तिगत स्वार्थ पूर्ति गर्ने वा कसैलाई पदमा पुऱ्याउने माध्यम नभई देशलाई सही दिशा दिने साधन हुनु पर्छ । यसका लागि वडा तहदेखि नै राजनीतिक संस्कार परिवर्तन गर्न आवश्यक छ। त्यस्तै नागरिक सेवा प्रवाहलाई भ्रष्टाचारमुक्त, पारदर्शी र उत्तरदायी बनाउने दिशामा सरकार केन्द्रित हुनु पर्छ। पछिल्लो समय प्रधानमन्त्री वालेन्द्र शाहलाई नेपाल सरकारका एक सचिवले आफूलाई राजदूत बन्न सहयोग गर्नुपर्ने आसयको एसएमएस पठाउनुभएकोमा उहाँमाथि जुन छानबिन र सोधपुछ भएको समाचार विभिन्न सञ्चार माध्यममा प्रकाशन/प्रसारण भए; यसले पनि सरकार भनसुन, कृपावादका आधारमा नभई खुला प्रतिस्पर्धाका आधारमा योग्य र सक्षम व्यक्तिलाई राज्यको उच्च र योग्य पदमा पुऱ्याउने कार्यप्रति गम्भीर र सूक्ष्म ढङ्गले अगाडि बढिरहेको छ भन्ने अर्को सन्देश प्रवाह गरेको छ।

बेला बेलामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि नै विभिन्न स्वार्थ समूह र तत्वहरूबाट धावा बोल्ने कामसमेत भए। सुशासन र कानुनी राज्यको पालना नहुँदा भ्रष्टाचारको पारो निकै माथि चढ्यो। यतिबेला प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेले अघि सार्नुभएको सुशासन, पारदर्शिता र उत्तरदायित्वको दृष्टिकोण अनुसार सबैले आफ्नोतर्फबाट देशका लागि योगदान दिनुपर्ने बेला आएको छ। २०८२ भदौ २३ को जेनजी विद्रोहमाथिको दमन र भदौ २४ मा भएको प्रदर्शनका क्रममा जलेका राज्यका भौतिक संरचनाको पुनर्निर्माण गर्नुपर्ने छ। किसानलाई सिँचाइ र रासायनिक मल, विद्यार्थीलाई समयमै पाठ्यपुस्तक; भत्किएका पुल, सडक, सिँचाइ आयोजनाका साथै राष्ट्रिय गौरवका आयोजना निर्माणमा भएका ढिलासुस्ती, तोडिएका ठेक्काहरू निर्धारित लागतमै गुणस्तीय ढङ्गबाट प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने छ। त्यसै गरी राज्यको प्रमुख दायित्व रोजगारीका अवसर सिर्जना गर्नु र निजी क्षेत्रलाई फस्टाउन अनुकूल वातावरण बनाउनु पनि हो। त्यसका लागि उद्योग व्यवसायमा प्रतिकूल असर नपर्ने नीति लिई राज्य अगाडि बढ्नु पर्छ। सरकारसँग जनअपेक्षा पनि यही नै छ।

सरकारले आयात रोक्दै आफ्नै देशमा उत्पादन गर्न सके, उत्पादन वृद्धिसँगै उपभोग गर्ने मात्र नगरी विदेशमा निर्यात गर्न सके आयातकेन्द्रित हाम्रो अर्थतन्त्र निर्यातमुखी हुने स्थिति बन्न सक्छ। सरकारले भर्खरै ल्याएको नयाँ बजेटले पनि यसतर्फ प्रशस्त ध्यान दिएको देखिन्छ। व्यवसायीले पनि यसतर्फ आफ्नो ध्यान आकर्षित गर्नु पर्छ। रोजगारीका जुन जुन सम्भावना छन्, त्यसलाई प्रोत्साहित गर्नेतर्फ सरकारले व्यवसायीसँग हातेमालो गर्नु पर्छ। त्यसको निम्ति राज्य लचिलो हुनु पर्छ। राज्यले कुनै पनि व्यवसायमा प्रतिकूल असर नपरोस्, त्यसको विकासमा बाधा उत्पन्न नहोस् भन्ने कुरामा विशेष ध्यान दिनु पर्छ।

रोजगारी नपाएर मानिस संसारमा भौँतारिने गरेका छन्। देशभित्रै रोजगारी नपाएर मानिस विदेशतिर चहार्ने स्थिति बनिरहेको छ। रोजगारी प्रवर्धन गर्ने क्षेत्रहरू के के छन्, ती सबै क्षेत्रको राज्यले राम्रो लेखा गर्नु पर्छ। तिनलाई राज्यले प्रोत्साहित गर्नु पर्छ। रोजगारीका अवसर सिर्जना गर्नका लागि निजी क्षेत्रलाई फस्टाउने अनुकूल वातावरण बनाउनु पर्छ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## उच्च रक्तचापको समस्या: हामी कहाँ चुक्छौं ?

*डा मिलनप्रकाश श्रेष्ठ*

उच्च रक्तचाप सुन्दा सामान्य लागे पनि यसले गर्ने भयानक असरबारे मानिसमा पर्याप्त जानकारी नभएकाले होला, खासै महत्व दिएको पाइँदैन। यसले उच्च रक्तचापले गर्ने दुर्घटना प्रत्यक्ष देखेका हुन्छन्, भोगेका हुन्छन्, उनीहरूले मात्रै उच्च रक्तचाप यस्तो रहेछ भनेर आत्मसात् गरेका हुन्छन्। उच्च रक्तचापको औषधि खायो भने यस्तो हुन्छ रे, जिन्दगीभरि खानुपर्छ रे, 'साइड-इफेक्ट' गर्छ रे भन्ने धेरै किसिमका भनाइ सुनिन्छन् तर औषधि नखाई सधैं उच्च रक्तचाप लिएर हिँड्दा के के खतरा हुन्छ भन्ने धेरैले विचार गरेको देखिँदैन।

लक्षण विनाको उच्च रक्तचाप

उच्च रक्तचाप भएका बिरामी सबैलाई लक्षण देखिनैपर्छ भन्ने छैन। कसैलाई १५० पुग्नासाथै टाउको दुख्ने, रिँगटा लाग्ने भएर आइपुग्छन् भने कोही कोहीमा माथिको (सिस्टोलिक) प्रेसर २५० पुग्दा पनि कुनै लक्षण नदेखिने हुनसक्छ। बिरामी अन्य कुनै कारणका लागि प्रेसर जाँच गर्दा उच्च देखिएपछि डाक्टर कहाँ पुग्छन्। कतिपय अवस्थामा रक्तचाप उच्च भएर पनि लक्षण नदेखिनु भनेको लक्षण देखिने रक्तचापभन्दा खतरनाक हुनसक्छ। यस अर्थमा कि लक्षण नदेखिँदा आफूलाई सबै ठिकै छ, म स्वस्थ छु भन्ने पर्छ र कुनै बेला त्यही रक्तचापले ठूलै समस्या गराउन सक्छ।

केही लक्षण नदेखिए पनि निरन्तर उच्च रक्तचापले शरीरका अङ्गहरू विशेषगरी मुटु, मिर्गौला, आँखा र मस्तिष्कमा पुऱ्याउने क्षति पुऱ्याई नै रहेको हुन्छ। रक्तचाप उच्च भएर पनि लक्षण नदेखिने बिरामी नै एकैचोटि हृदयाघात, मस्तिष्कघात भइसकेको अवस्थामा पनि आउने गरेको भेटिएको छ। त्यसैले आफ्नो उच्च रक्तचाप समय समयमा देखाइरहनु आवश्यक छ। साथै रक्तचाप उच्च भएर लक्षण नदेखिए पनि भविष्यमा हुनसक्ने क्षतिबाट बच्न औषधि सेवन आवश्यक छ।

औषधि सुरु गर्न हिच्किचाहट

उच्च रक्तचापले गर्नसक्ने खतराबारे आवश्यक ज्ञान नभएकाले नै होला उच्च रक्तचापको औषधि भनेपछि हिच्किचाइहाल्छन्। उच्च रक्तचाप त्यति धेरै उच्च नभएको अवस्थामा, पहिलोपल्ट देखिएको उच्च रक्तचाप, तथा शरीरका अङ्गहरूमा क्षति नपुगिसकेको अवस्थामा केही महिना औषधि नखाई अन्य उपाय अवलम्बन गरेर उच्च रक्तचाप घटाउन कोसिस गर्न सकिन्छ। तर यी उपायहरू अपनाउँदा पनि उच्च रक्तचाप उच्चै रहिरहेमा औषधि सुरु गर्न धेरै ढिला गर्नु हुँदैन।

उच्च रक्तचापको औषधिको मुख्य काम उच्च रक्तचापलाई नियन्त्रणभित्र राख्नु हो। उच्च रक्तचापलाई नियन्त्रणभित्र राखेर शरीरका अन्य अङ्गहरूमा क्षति पुग्नबाट यसले बचाइराखेको हुन्छ। नियमित औषधि सेवन गर्दै जाँदा र चिकित्सकको सल्लाहबमोजिम खानामा परहेज, नियमित व्यायाम आदि गर्दै गएमा कुनै समय उच्च रक्तचाप घट्दै पनि जानसक्छ। बारम्बार नाप्दा पनि आवश्यकभन्दा घट्दै गएको पाइएमा चिकित्सकको सल्लाह लिएर खाने औषधिको मात्रा कम वा औषधि नै बन्द पनि गर्न सकिन्छ।

औषधि खाएपछि 'साइड-इफेक्ट' गरिहाल्छ भन्ने भ्रम

साइड-इफेक्ट सबै औषधिको हुन्छ। उच्च रक्तचापका औषधिहरूको पनि आफ्नै किसिमका साइड इफेक्टहरू छन्। तर ती सबै साइड इफेक्टहरू सधैं सबैलाई हुने सम्भावना मात्रै हो, हुन्छ नै भन्ने होइन। कुनै साइड-इफेक्ट छोटो समयमै देखापर्छन् भने कुनै २०-३० वर्षको लगातार औषधि सेवनपछि देखिन्छन्। डाक्टरको सम्पर्कमा बसेर डाक्टरको सल्लाहअनुसार नियमित चेक जाँच गरिरहेमा साइड इफेक्टहरू हुन थालेमा तुरुन्तै पत्ता लाग्छ।

साइड-इफेक्ट भएको थाहा पाएमा औषधि अदलबदल गरेर साइड-इफेक्टले गर्ने क्षतिबाट बच्न सकिन्छ। तर साइड-इफेक्ट गर्छ भनेर औषधि सुरु नगरी सधैं उच्च रक्तचाप लिएर बस्दा प्यारालाइसिस, हृदयाघात हुने, मिर्गौला कामै नलाग्ने अवस्थामा पुग्ने, आँखाको ज्योति गुम्नेजस्ता भयानक असरहरू हुनसक्छन् जुन असरहरूको तुलनामा औषधिको साइड-इफेक्टहरू केही होइनन्।

औषधि सुरु गर्दा नभएका लक्षणहरू पछि सुरु भएमा आफ्नो चिकित्सक कहाँ तुरुन्तै सम्पर्क राखिहाल्नु पर्छ। त्यसैले उच्च रक्तचापको औषधि विशेषज्ञ डाक्टरसँग परीक्षण गरेर मात्र सुरु गर्नुपर्छ। कुनै परीक्षण नगराई मेडिकलबाट सिधै किनेर खाने बानी गर्नु हुँदैन। साथै औषधि सुरु गरेपछि उच्च रक्तचाप ठिकै रहिरहे पनि तथा शारीरिक, मानसिक रुपमा ठिकै लागे पनि कम्तीमा १५ दिनमा एकचोटि उच्च रक्तचाप नाप्ने बानी बसाल्नैपर्छ र डाक्टरसँग कम्तीमा तीन महिना र बढीमा छ महिनामा एकचोटि भेट्नै पर्नेपर्छ।

अपनाउनुपर्ने सावधानी

उच्च रक्तचाप बढाउनुमा धूम्रपान तथा रक्सीको पनि उत्तिकै योगदान रहन्छ। उच्च रक्तचाप भएका व्यक्तिहरूले कुनै पनि किसिमको नशाको सेवन गर्नु हुँदैन। यस्ता वस्तुले उच्च रक्तचापलाई नियन्त्रणमा राख्न गाह्रो हुने, एकभन्दा बढी औषधिको सेवन गर्नुपर्ने अवस्था निम्त्याउँछ। उच्च रक्तचाप नियन्त्रणका लागि चलाइने औषधि मानिसको शारीरिक बनावट, वजन, साथमा रहेको अरू समस्या, खानपान, उसले गर्ने शारीरिक व्यायाम आदिमा भर पर्छ। त्यसैले कसैलाई एउटा औषधिको सानो डोज मात्र खाए पुग्छ भने कसैलाई दुई, तीनवटा त्यो पनि दिनको दुई पटक वा बढी पनि खानुपर्ने पनि हुनसक्छ। उच्च रक्तचापको औषधि कति मात्राको खाने भन्ने कुरा मानिस मानिसमा निर्भर गर्छ।

एउटाभन्दा धेरै गोली खानुपरेको अवस्थामा यस्ता बिरामी झुक्किएर एउटा खानुपर्नेमा दुई पटक खाएको, खानुपर्ने चाहिँ नखाएको, राति खानुपर्ने बिहान खाएको, खानापछि खानुपर्ने अगाडि खाएको आदि समस्या सामान्य हुन्। अझ कति त औषधि सकिएपछि ल्याइदिने मान्छे नभएको भनेर औषधि खानै बन्द गरेर पनि आउँछन्। यसको कारण रक्तचाप अनियन्त्रित भइदिन्छ र कतिपय अवस्थामा प्यारालाइसिस, हृदयाघात भएको अवस्थामा पनि बिरामी आउँछन्। यस्तो कुरामा घरमा भएका पढेलेखेका मानिसहरूको गहन जिम्मेवारी हुन्छ। त्यस्ता बिरामीहरूलाई नामभन्दा पनि औषधिको आकार, रङ तथा साइजको जानकारी बढी हुन्छ। एकभन्दा बढी औषधि खानुपरेको अवस्थामा हरेक औषधिलाई छुट्टाछुट्टै सानो सानो बट्टामा राखेर यो बट्टाको यतिखेर खाने भनेर बुझाउने गरेमा गल्ती हुने समस्या कम हुन्थ्यो कि ?

मानसिक तनावको व्यवस्थापन

मानसिक समस्याको व्यवस्थापन स्वस्थ जीवनका लागि एकदमै महत्वपूर्ण मानिन्छ। अत्यधिक तनावमा काम गर्ने, ढिलो सुत्ने, पर्याप्त निद्रा नपुग्ने व्यक्तिहरूमा हृदयाघातसम्म पनि हुने गरेको छ। व्यस्त कार्यशैली हुनेहरूमा यस्ता समस्याहरु प्रशस्तै देखिन्छ। उनीहरूको कामको कुनै समय नै हुँदैन।

सधैं तनावपूर्ण वातावरण, आरामको कमी, शारीरिक व्यायामको कमी, अव्यवस्थित खानपान, नियमित स्वास्थ्य जाँचको कमी आदि भएपछि यसैगरी, व्यक्तिहरूमा उच्च रक्तचाप, मधुमेहको समस्या देखापर्दछ। यसले गर्दा पछि गएर हृदयाघात, पक्षघात जस्ता भयानक समस्या भोग्नुपर्दछ। धेरैजसो व्यापारी पढेलेखेकै हुन्छन्, स्वास्थ्यमा नराम्रो असर परिरहेको छ भन्ने पनि थाहा हुन्छ तर पनि परीक्षणका लागि समय छुट्याउन सक्दैनन्।

डाक्टरसँग नियमित 'फलोअप' नगर्ने बानी

धेरै बिरामी औषधि सुरु गरेपछि शरीर आराम भएको महसुस भएपछि नियमित औषधि त खान्छन् तर डाक्टरसँग वर्षौंसम्म परीक्षण गराउँदैनन् न त फेरि फेरि रक्तचाप जचाएरै हेर्छन्। कारण सोध्दा औषधि सुरु गरेपछि आफूलाई आराम भएको, कुनै नयाँ समस्या नआएको, घर टाढा भएर आउने मौका नपाएको जस्ता कुराहरू गर्छन्।

कति बिरामीहरू औषधि नखाने तर करेला, मेथी, निमको पात, घ्यूकुमारी खाने, आयुर्वेदिक उपाय गर्ने, योगा, ध्यान गरेरै प्रेसर ठीक पार्छु भनेर अड्डी कस्छन्। यसमा म के भन्छु भने जसरी हुन्छ, रक्तचाप नियन्त्रणमा आउनुपऱ्यो। माथि उल्लेखित सबै कुरा गर्दा कुनै नकारात्मक असर त पर्दैन। तर यी सबै पनि गर्नुस्, उच्च रक्तचाप नाप्दै पनि गर्नुस्, यस्ता कुराहरूले उच्च रक्तचाप नियन्त्रण भएन भने औषधि त खानैपर्छ।

गुगल गर्ने बानी

मानिसहरूमा जे पनि इन्टरनेटमा पढेर सम्पूर्ण जानकारी लिने प्रवृत्ति हुन्छ। यसो गर्नु एक किसिमले राम्रो पनि हो तर पूर्ण कुरा प्रस्ट नबुझिएको खण्डमा यसको नकारात्मक असर पनि पर्दछ। कुनै रोगका बारेमा पढ्दै जाँदा कतिपय प्राविधिक शब्दहरू, मेडिकल भाषा सबैले प्रस्ट बुझ्ने कुरै भएन। अनि यो भनेको यसो होला भन्दै अनुमानित अर्थ लगाउँदै बस्ने अनि त्यस विषयमा लेखिएका कुनै रोगका लक्षणहरू आफैँलाई भएको जस्तो लाग्ने, म त ज्यादै रोगी भएछु भन्ने मनस्थितिको विकास हुने, अब म मर्छु भन्ने जस्ता निराशावादी सोचको विकास हुने जस्ता समस्या पनि भएको पाइएको छ। इन्टरनेटमा लेखिएका कुराहरू प्रस्ट बुझ्ने क्षमता पनि हुनुपर्छ। कुनै कुरा नबुझे सम्बन्धित चिकित्सकसँग परामर्श गर्नुपर्छ। हैन भने यस्तो सामग्री नपढ्नु नै राम्रो हुन्छ।

उच्च रक्तचापको नकारात्मक असरहरूबाट बच्न मानिस आफ्नो स्वास्थ्यको कुरामा अझ बढी सचेत हुन जरुरी छ। साधारणतया उमेर ४० वर्षको वरिपरि पुगेपछि यदि भविष्यमा स्वस्थ भएर बाँच्ने, लामो समय बाँच्ने हो भने विशेषगरी केही कुराहरू, दैनिक स्वस्थ खाना खाने, रक्सी चुरोट, सुर्ती तथा कुनै नशा सेवन नगर्ने, नियमित शारीरिक व्यायाम गर्ने तथा मानसिक तनावबाट टाढा रहने आदि कुराहरू पालना गर्नैपर्ने देखिन्छ, किनकि उमेरले ४० छोएपछि मानिसलाई धेरै रोगले छुन थाल्दछ। (वरिष्ठ मुटुरोग विशेषज्ञ डा श्रेष्ठ ग्रान्डी अन्तरराष्ट्रिय अस्पतालमा कार्यरत हुनुहुन्छ)।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# यार्सागुम्बा सिजनमा सुनसान बने उत्तरी गोरखाका गाउँ

गोरखा । यतिबेला जिल्लाको तिब्बती सिमानामा रहेका गाउँबस्ती सुनसान छन् । सबै गाउँले यार्सागुम्बा सङ्कलन गर्न लेक गएपछि लेक र खर्कका चहुर, भीर पखेरा गाउँलेले भरिभराउ छन् ।

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१ को सामागाउँ, साम्दो तथा वडा नं. ७ छेकम्पारका घरहरुमा तला ठोकिएका छन् । वडा नं. १ को ३४, २५ र २६ नं पिलर रहेका लेक तथा खर्कहरु गाउँलेहरुले खचाखच भएको स्थानीयको भनाइ छ । त्यस्तै वडा नं. ७ को छेक्या र भाज्यो लेकमा पनि गाउँलेहरु पुगेको वडाअध्यक्ष टासी दोर्जे लामाले बताउनुभयो । समुद्री सतहदेखि चार हजार ६५ मिटर उचाइमा रहेको भाज्यो लेक पुग्न छेकम्पारबाट ६ घण्टाभन्दा धेरै पैदल हिँड्नुपर्छ । त्यहाँ अहिले छेकम्पारको डाक्यु, लेरु, लामागाउँ, लार, फुर्पे र निले गाउँका बासिन्दाहरु अस्थायी शिविर बनाएर बसोबास गर्छन् ।

समुद्री सतहबाट चार १६५ मिटर उचाइमा अवस्थित छेक्या लेकमा भने छेकम्पार, फोड र बुर्जी गाउँका बासिन्दाहरु त्रिपाल टाँगेर अस्थायी बसोबास गरेको वडाअध्यक्ष लामाले जानकारी दिनुभयो । त्यसैगरी चारहजार मिटरभन्दा अग्लो फुचुन लेकमा छुले गाउँका ४५ घरधुरीको अस्थायी बसोबास रहेको उहाँको भनाइ छ ।

वडा नं. ७ का सबै गाउँका ८१२ घरधुरीका बासिन्दाहरु अहिले यिनै लेकमा यार्सागुम्बा सङ्कलन गर्न व्यस्त छन् । महिला, बालबालिका, वृद्धवृद्धा तथा युवाहरु सबै बिहान ८ बजे शिविरबाट निस्कने, दिनभर यार्सागुम्बा सङ्कलन गर्ने र साँझ ६ बजे बल्ल शिविर भित्रिने गर्छन् । यतिबेला चुमनुब्री-७ का गाउँ पनि सुनसान छ । वडाध्यक्ष टासी दोर्जेले केही घरमा बुढाबुढी मात्रै रहेको र अधिकांश घर खाली भएको बताउनुभयो । कसैले भने रोङ्वा (तल्लोभेगका) लाई मासिक तलब दिएर घर कुरुवा राखेको उहाँको भनाइ छ । चुमनुब्री-३ फिलिम, पाङसिङतिरका महिलालाई मासिक रु २० हजार तलब दिएर दुई महिनाका लागि घर कुरुवा राखिएको उहाँले जानकारी दिनुभयो । गाउँलेहरु बिहान सबेर क्याम्पबाट निस्केर साँझ अबेर क्याम्पमा छिर्छन् । "बिहान खाना खाइवरी ८ बजे यार्सा टिप्न जाने र साँझ ६ बजेपछि मात्रै क्याम्पमा आइपुग्छ", केही समयअघि भाज्यु, छेक्यार र फुचुन लेक पुगेर फर्कनुभएका मनास्लु संरक्षण क्षेत्र आयोजनाका कर्मचारी सुवास नेपालले बताउनुभयो ।

# वीरगञ्ज महानगरका प्रमुख सिंहसहित सात जनाविरुद्ध मुद्दा दायर

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली (फर्जी) कागजात बनाइ नागरिकताको प्रमाणपत्र दिलाएको अभियोगमा वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहसहित सात जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

सरकारी कागजात सच्याउने, नोक्सान गर्ने तथा गलत प्रतिवेदन तयार गरी भ्रष्टाचार गरेको अभियोगमा निजहरुविरुद्ध आयोगले सोमबार मुद्दा दायर गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार भट्टराई थर भएकी महिलाको छोरीलाई आफ्नी छोरी रुबिना श्रेष्ठ बनाइ नागरिकताको प्रमाणपत्र दिलाएको आरोप नगरप्रमुख सिंहमाथि लागेको छ ।

आयोगले वीरगञ्ज-३ का तत्कालीन वडा सचिव भिखारी राय, वडा सदस्य तुफैल अख्तर ठकुराई, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षडकुमार पोखरेल विरुद्ध मुद्दा दायर गरेको छ । गृह मन्त्रालयका तत्कालीन उपसचिव पुस्कर राना र शाखा अधिकृत पर्शुराम पोखरेल र सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-१० की रिता भट्टराई विरुद्ध मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

# निजामती अस्पतालको सेवा भरतपुर अस्पतालबाट

चितवन । निजामती अस्पताल काठमाडौँबाट प्रदान गरिँदै आएको सहुलियत उपचार सेवा भरतपुर अस्पतालले दिने भएको छ ।

भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेले निजामती अस्पतालले सहुलियत परिचयपत्र दिएका कर्मचारी र निवृत्त कर्मचारीले उक्त सहुलियत सुविधा पाउने जानकारी दिनुभयो । उनीहरुले श्रीमान्, श्रीमती, बुवा, आमा र छोराछोरीको फोटो टाँसेर बनाएको परिचयपत्र देखाएर सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ । राजपत्र अनङ्कित कर्मचारी र निवृत्त कर्मचारीले ५० प्रतिशत र राजपत्राङ्कित कर्मचारीले तोकेका सेवामा ४० प्रतिशत छुट पाउने व्यवस्था भए पनि फार्मेशी, टिकट लगायतमा भने छुटको व्यवस्था छैन । सहुलियत पूर्ण स्वास्थ्य उपचारका लागि काठमाडौँकै निजामती कर्मचारी अस्पताल (सिभिल) अस्पताल धाउनुपर्ने बाध्यता कर्मचारी र उनीहरुका परिवारका लागि भने अन्त्य भएको छ ।

चितवन र छिमेकी जिल्लाका कर्मचारी यसबाट प्रत्यक्ष लाभान्वित हुने भएका छन् । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अस्पतालमा लागू हुने गरी विभिन्न प्रदेश अस्पतालबाट कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन लागेको हो । सरकारले बागमती प्रदेशका लागि भरतपुर अस्पताल र मधेस प्रदेशका लागि वीरगञ्जस्थित नारायणी अस्पतालसँग सम्झौता गरेको हो । बगालेले प्राविधिक काम भइरहेकाले भोलिबाट सेवा दिन सकिने बताउनुभयो ।

# दाङका आमा समूहले बजाउने नौमतीको माग बढ्यो

दाङ । तुलसीपुर उपमहानगरपालिका-४ स्थित जनचेतना आमा समूहको नौमती बाजा दाङमा मात्र नभई जिल्ला बाहिर बुटवल, कोहलपुरलगायत स्थानसम्म जाने गर्दछ । जिल्ला बाहिर माग हुन थालेपछि मागअनुसार सम्बन्धित क्षेत्रमा आफूहरू पुग्ने गरेको आमा समूहका प्रतिनिधि बताउँछन् ।

विवाह, व्रतबन्ध, पूजाआजा लगायत सबै जसो कार्यक्रममा उक्त आमा समूहको गाजाबाजाको टोली मागअनुसार जिल्लाजिल्ला पुग्ने गरेको छ । गत मङ्सिरमा मात्रै बुटवलमा २० र कोहलपुरमा नौ वटाभन्दा बढी कार्यक्रममा जिल्ला बाहिर गएको समूहका अध्यक्ष कस्तुरा खड्काले बताउनुभयो । उहाँका अनुसार पुस र माघमा पनि राजनीतिक दलका कार्यक्रम अत्यधिक भएकाले समूहको व्यस्तता बढेको हो ।

फागुन, चैत र वैशाखमा विवाहसहित विभिन्न धार्मिक कार्यक्रममा माग बढेको खड्काले बताउनुभयो । "पहिलेपहिले जिल्ला बाहिर जान समस्या थियो, अहिले हरेक महिना ठाउँठाउँबाट हाम्रो माग भइरहेको छ", उहाँले भन्नुभयो, "आम्दानी पनि प्रशस्त भइरहेकाले हामी आत्मनिर्भर बन्दै गएका छौँ ।" एउटा कार्यक्रममा गएर नौमती बजाएको रु आठ हजारदेखि रु २५ हजारसम्म लिने गरिएको अध्यक्ष खड्काले जानकारी दिनुभयो । कति समयसम्म बजाउने हो, त्यसका आधारमा भाडा लिने गरेको भन्दै पछिल्लो समय यस्ता बाजा लोप हुन थालेपछि आफूहरू संरक्षणमा जुटेको उहाँले उल्लेख गर्नुभयो ।

"पहिले गाउँमा विवाह, व्रतबन्ध हुँदा नौमती बाजा बज्थे", खड्काले भन्नुभयो, "पछिल्लो समय आधुनिक गीत र रेकर्ड गरिएका सङ्गितले नौमतीसहित मौलिक बाजा बज्न छोडेका छन् । त्यसैले हामीले यसलाई संरक्षणसँगै आयआर्जनको माध्यम बनाउन सुरुवात गरेका हौँ ।" उहाँका अनुसार विसं २०७९ को तिहारमा भैलो खेलेर सङ्कलन भएको रु एक लाख ४० हजारले मौमतीका लागि आवश्यक पर्ने सामग्री खरिद गरिएको हो । जनचेतना आमा समूहमा अहिले २५ जना महिला आबद्ध हुनुहुन्छ ।

नौमती बजाउँदा केही आम्दानी पनि भइरहेको भन्दै हाम्रा मौलिक कला, संस्कृति र गीतसङ्गित संरक्षणका लागि भवन आवश्यक परेको अध्यक्ष खड्काले बताउनुभयो । "भवन निर्माणका लागि स्थानीय सरकारबाट सहयोगको अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो । अध्यक्ष खड्काका अनुसार अहिले तुलसीपुर उपमहानगर पालिकाका विशेष जनचेतना मूलक कार्यक्रमदेखि तुलसीपुर उद्योग वाणिज्य सङ्घले आयोजना गरेका महोत्सवमा पनि नौमती बाजाको माग हुने गरेको छ । नौमती र पञ्चेबाजा बजाउने मात्रै नभई समूहले सामाजिक कार्य पनि गर्दै आएको छ । गाउँघरमा आयोजना हुने सरसफाइ तथा सचेतनामूलक कार्यक्रममा आफ्नो उपस्थिति हुने गरेको उहाँले बताउनुभयो । "गाउँमा झगडा भएमा मिलाइदिनु पर्यो भन्दै आउनुहुन्छ", अध्यक्ष खड्काले भन्नुभयो, "त्यस्ता झैँझगडा पनि मिलाउने गरेका छौँ ।" तीबाहेक सामाजिक क्षेत्रमा आवश्यकताअनुसार श्रमसम्बन्धी काम पनि गरिँदै आइएको उहाँको भनाइ छ ।

"घरमा रङ लगाउने, विवाहमा खाना खुवाउनेलगायत कार्यमार्फत आम्दानी गरिरहेका छौँ", अध्यक्ष खड्काले भन्नुभयो । सधैँ चुलोचौकोमा सीमित हुने महिला पनि सामाजिक रूपमा शसक्त छन्, भन्ने सन्देश दिन आफूले यो कार्य गरेको उहाँको भनाइ छ । सामान्य लेखपढ गरेर जीविकोपार्जन गर्दै आएका समूहमा आबद्ध महिलाले समूहमार्फत गरेका यस्ता कामले महिलाको आत्मसम्मान बढ्नुका साथै आयआर्जनमा टेवा पुग्ने गरेको छ ।

# पोषणमैत्री स्थानीय शासनयुक्त गाउँपालिका बन्दै बडिगाड

गलकोट । जिल्लाको बडिगाड गाउँपालिका पोषणमैत्री स्थानीय शासनयुक्त घोषणाको अन्तिम तयारीमा जुटेको छ । गाउँपालिकाले सङ्घीय सरकारको सहयोगमा तीन वर्षयता पोषणमैत्री गाउँपालिका बनाउने अभियानलाई अन्तिम रुप दिएको हो ।

पोषणमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक ३४ वटा सूचक पूरा भएपछि पोषणमैत्री वडा घोषणा गर्न जिल्ला समन्वय समितिअन्तर्गतको जिल्लास्तरीय अनुगमन समितिले अनुमति दिएको छ । बडिगाड गाउँपालिकामा तीन वर्षयता पोषणको अवस्थामा सुधारका लागि थुप्रै काम भएका स्थलगत अनुगमनमा देखिएको बताउँदै विभिन्न समूह गठन गरी पोषण सचेतनासहित आवश्यक सबै तयारी पूरा भएको बडिगाड गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले जानकारी दिनुभयो ।

"कार्यविधिले तोकेका ३४ वटै सूचक पूरा भइसकेको जिल्लास्तरीय अनुगमन समितिले प्रमाणीकरण गरेको छ, अब वडा घोषणा गरेर प्रदेशस्तरीय अनुगमनपश्चात् आगामी असारभित्र पालिकालाई पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने छौँ," उहाँले भन्नुभयो ।

समितिको सिफारिसमा वडा घोषणका लागि आवश्यक कार्यतालिका बनाउन थालिएको उपाध्यक्ष वनले जानकारी दिनुभयो । गाउँपालिकाका १० वटै वडा क्रमशः पोषणमैत्री घोषणा गरेपछि प्रदेशस्तरीय अनुगमन सिफारिस समितिको सिफारिसमा पोषणमैत्री गाउँपालिकालाई घोषणा गर्ने कार्यविधिअनुसार अघि बढेको उहाँको भनाइ छ । बडिगाड गाउँपालिकामा २०७९/८० देखि गाउँपालिकाले पोषणमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा ल्याएर वडावडामा सहजकर्ता खटाउने, तालिम दिने, करेसाबारी, भान्सा, गोठ सुधारसँगै स्थानीय अन्नबालीको उपयोगमा जोड दिएपछि गाउँपालिका पोषणमैत्री बन्न थालेको उपाध्यक्ष वनले जानकारी दिनुभयो । सामुदायिक विद्यालयका विद्यार्थीलाई पत्रुखाजा निषेध गरेर सातु, कोदोको हलुवा, खिर, चना, अण्डालगायत खाजा खुवाउन थालिएको छ । स्वास्थ्य चौकी आएका बालबालिकालाई अण्डा उपहार दिन थालिएको बडिगाड गाउँपालिका-१० स्थित दर्लिङ आधारभूत स्वास्थ्य केन्द्रकी भीमकुमारी बुढामगरले जानकारी दिनुभयो । उहाँका अनुसार अण्डा पाइने भएपछि बालबालिका तौल गर्न र स्वास्थ्य परिक्षणका लागि स्वस्थ्य चौकीमा आउन थालेका छन् । "पोषणमैत्री कार्यक्रमले बालबालिकाको खानपानमा परिवर्तन ल्याउँदै गएको छ । चाउचाउ र बिस्कुट खाने बालबालिका चना, अण्डा र कोदोका परिकार खान थालेका छन् । साथै बच्चा कुपोषण हुन नदिन तोल जोख्नु अनिवार्य हुन्छ, पहिला स्वास्थ्य चौकी नआउने बालबालिका अण्डा दिन थालेपछि तौल गर्न आउन थालेका छन्", बुढामगरले भन्नुभयो, "पोषणमैत्री कार्यक्रमले बालबालिकाको स्वास्थ्यमा सुधार र अभिभावकको चेतनामा वृद्धि भएको छ भने स्थानीय उत्पादनको प्रयोगमा वृद्धि भएको छ ।" विद्यालयले दिवा खाजामा स्थानीयस्तरमा उत्पादित अन्नबाली, तरकारीलगायतका परिकार खुवाउन थालेका छन् । बडिगाडका सबै विद्यालयमा पत्रुखाना (जङ्कफुड) लैजान रोक लगाइएको पालिका कार्यालयले जनाएको छ । विद्यार्थीले घरबाट ल्याउनुपरेमा पनि पोषणयुक्त खाना मात्र ल्याउन पाउने नियम रहेको गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो ।

विद्यालयबाहेकको समयमा पनि घर र समुदायमा पुगी पोषणयुक्त खानेकुराको महत्व र प्रयोगका बारेमा सचेतना जगाउने काम भइरहेको बडिगाड गाउँपालिका-१ का पोषण सहजकर्ता टीका गिरीले बताउनुभयो ।

# पकेट क्षेत्रमा आलुको उत्पादन घट्यो



म्याग्दी । म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ मङ्गलेखानीकी बलदेवी छन्त्यालले गत वर्ष दुई मुरी आलु फलेको बारीमा यसपाली मुस्किलले एक मुरी आलु खन्नुभयो ।

"असिनाले हुर्कँदै गरेको अवस्थामा चुटेर आलुको बोटका सबै पात झारिदिएपछि लागेको दाना ठूला हुन र थप दाना फल लाग्नै नपाउँदा उत्पादन आधाले घटेको छ", उहाँले भन्नुभयो, "गत वर्ष ५० मुरी आलु फलाएको थियो । यसपाली आधा पनि उत्पादन होला जस्तै छैन ।"

आलुखेतीको पकेट क्षेत्र मानिने रघुगङ्गा गाउँपालिकाको मङ्गलेखानी, चौरखानी, ग्यासीखर्क, पाल्लेखर्क, ढुवाडी, ढाँडका किसान असिनाले बोट नष्ट गरिदिएपछि चिन्तित भएका छन् । वैशाख र जेठमा परेको बाक्लो असिनाले आलुका बोटबिरुवा नष्ट गर्दा उत्पादनमा असर परेको किसान नरकुमारी किसानले बताउनुभयो ।

सत्ताइस परिवारको बसोबास रहेको मङ्गलेखानीका बासिन्दाको मुख्य आयस्रोत खालुखेती हो । माघमा रोपेको आलु जेठको अन्तिम सातादेखि खन्न सुरु भएको छ । समुन्द्री सतहदेखि दुई हजार ३०० मिटर उचाइमा रहेको मङ्गलेखानीको चिसो हावापानीमा रासायनिक मल र विषादीको प्रयोगबिना प्राङ्गारिक विधिबाट आलुखेती हुने गरेको किसान कृषक नरकुमारीले जानकारी दिनुभयो ।

गत वर्ष आलु बेचेर रु दुई लाखसम्म आम्दानी गरेका यहाँका किसान यस वर्ष उत्पादनसँगै आम्दानी पनि घट्नेमा चिन्तित छन् । स्वादिलो र सुक्खा हुने मङ्गलेको आलु बेनी, पोखरा र काठमाडौँका बजारमा खपत हुन्छ ।

पाल्लेखर्कमा पनि असिनाले गर्दा आलु उत्पादनमा गिरावट आएको रघुगङ्गा-८ की वडा सदस्य प्रिती पुनले बताउनुभयो । "यहाँका एक जना किसानले वार्षिक १५० मुरीसम्म आलु फलाउँछन्", उहाँले भन्नुभयो, "तर यसपाली असिनाले सबै किसानको बारीमा आलुको दाना लाग्नै पाएको छैन, लागेको दाना पनि साना छन् ।"

असिना पीडित किसानको गुनासो र क्षतिपूर्तिका लागि गाउँ पालिकामा पहल गरेको वडा सदस्य पुनले बताउनुभयो । उच्च पहाडी क्षेत्र मङ्गलेखानीको भूगोल र हावापानी अनुकूल भएकाले किसानले आलुलाई मुख्य बालीका रूपमा खेती गर्दै आएका छन् ।

यहाँका किसानलाई जिल्ला कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, गाउँ पालिकाको कृषि शाखाबाट बीउ, औजार, सिँचाइ र भण्डारगृह निर्माणमा अनुदान सहयोग हुँदै आएको छ ।

# कांग्रेसको १५औँ महाधिवेशनलाई प्रविधिमैत्री बनाइने

प्रत्यूष समाचारदाता

काठमाडौं । नेपाली कांग्रेसले पार्टीको १५औं महाधिवेशनलाई पूर्णतः प्रविधिमा आधारित बनाउने भएको छ । कांग्रेस सदस्यता व्यवस्थापन समितिका संयोजक एवं महामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा सोमबार बसेको बैठकमा सभापति गगन कुमार थापा, उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री गुरुराज घिमिरेलगायत शीर्ष नेताको बैठकले उक्त निर्णय लिएको हो ।

कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्यका लागि आगामी जेठ २८ गतेसम्मको समयलाई अन्तिम म्याद (डेडलाइन) तोकेको छ । बैठकले १५औं महाधिवेशनमा सहभागी हुनका लागि हरेक क्रियाशील सदस्यसँग डिजिटल परिचयपत्र हुनु अनिवार्य गरेको छ । पार्टीको डिजिटल प्रणालीमा हालसम्म सात लाख ८२ हजार २०९ जना योग्य क्रियाशील सदस्यमध्ये चार लाख १७ हजार ७५३ जना आबद्ध भइसकेको र ९८ हजार १४३ जना अद्यावधिक प्रक्रियामा रहेको कांग्रेसले जनाएको छ ।

कांग्रेसले पार्टी अनुशासनविपरीत काम गर्नेको हकमा कठोर नीति अखितयार गरेको छ । पार्टीको कारवाहीमा परेका, अन्य दलमा प्रवेश गरेका, बागी उम्मेदवारी दिएका वा बागीका प्रस्तावक र समर्थक बनेका व्यक्तिको सदस्यता केन्द्रीय अभिलेखबाटै हटाइने निर्णय बैठकले गरेको हो ।

यस्तै, कसैले अनधिकृत रूपमा अरूको सदस्यता अद्यावधिक गरेको पाइएमा छानबिन गरी त्यस्तो सदस्यता बदर गरिने बताइएको छ । पार्टीका केन्द्रीय पदाधिकारी, प्रदेश कार्यसमिति, जिल्ला, क्षेत्र, पालिका तथा वडा तहका पदाधिकारीका साथै सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय तहका जनप्रतिनिधिलाई जेठ २७ गतेभित्रै अनिवार्य रूपमा आफ्नो सदस्यता अद्यावधिक गर्न निर्देशनसमेत बैठकले दिइएको छ ।

साथै, इन्टरनेटको पहुँच कम भएका हिमाली तथा उच्च पहाडी जिल्लाको हकमा भने जिल्लाबाट तहगत सिफारिसका आधारमा विवरण मगाइ अद्यावधिक गर्ने व्यवस्था मिलाइएको जनाएको छ ।

बैठकले नयाँ क्रियाशील सदस्यता वितरण कार्यलाई पनि विधानबमोजिम निर्बाध रूपमा अघि बढाउन पार्टीका सबै तहलाई निर्देशन दिएको छ । नयाँ सदस्यताका लागि अनलाइन फाराम भरी वडा र क्षेत्रबाट सिफारिस भएर आउनुपर्ने प्रक्रिया तोकिएको कांग्रेसले जनाएको छ ।

# परराष्ट्रमन्त्रीद्वारा बेलायतका रक्षामन्त्रीसँग भर्चुअल बैठक

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले आज संयुक्त अधिराज्य बेलायतका रक्षामन्त्री जोन हिली र भूतपूर्व सैनिक तथा जनशक्तिसम्बन्धी मन्त्री लुइस स्यान्डर-जोन्ससँग भर्चुअल बैठक गर्नुभएको छ ।

बैठक मुख्यतः बेलायती गोर्खाहरूका लामो समयदेखि समाधान हुन बाँकी रहेका गुनासाहरू, समानुपातिक पेन्सनको मागलगायत विषयमा केन्द्रित रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । त्यस अवसरमा मन्त्री खनालले नेपाल-बेलायत सम्बन्धमा बेलायती गोर्खाहरूको महत्त्वलाई प्रकाश पार्दै बेलायती गोर्खाहरूका गुनासाहरूको यथाशीघ्र आपसी रूपमा स्वीकार्य समाधान खोज्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो । साथै उहाँले न्याय, निष्पक्षता र सम्मानको दृष्टिकोणबाट यी विषयहरू सम्बोधन गर्न बेलायती सरकारसँग अनुरोध गर्नुभएको थियो ।

बैठकमा रक्षामन्त्री हिलीको तर्फबाट स्यान्डर-जोन्सले बेलायती गोर्खा भूतपूर्व सैनिकहरूका विषयहरू सम्बोधन गर्न नेपाली पक्षसँग नजिकबाट सहकार्य गर्ने आफ्नो प्रतिबद्धता पुनः व्यक्त गर्नुभएको थियो । बैठकमा परराष्ट्र सचिव अमृतबहादुर राई तथा परराष्ट्र मन्त्रालयका अन्य वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो । बेलायती पक्षबाट सांसद एलेक्स बेकर, सांसद तथा नेपालसम्बन्धी सर्वदलीय संसदीय समूहका अध्यक्ष, साथै बेलायतको रक्षा मन्त्रालयका अन्य वरिष्ठ अधिकारीहरू उपस्थित रहेको मन्त्रालयले जनाएको छ ।

भर्चुअल बैठकमा बेलायती गोर्खा सङ्गठनहरूका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो । यसअघि आजै मन्त्री खनालले बेलायती गोर्खा भूतपूर्व सैनिकहरूका प्रतिनिधिहरूसँग भर्चुअल अन्तरक्रिया गर्नुभएको थियो । उक्त बैठकको समन्वय तथा सहजीकरण लण्डनस्थित नेपाली राजदूतावासका कार्यवाहक राजदूत बिपिन दुवाडीले गर्नुभएको थियो ।

# फेवातालका डुंगा चालक र यात्रुको पहिलोपटक बिमा

कास्की । प्रमुख पर्यटकीय गन्तव्यका रूपमा रहेको पोखराको फेवातालमा डुङ्गा चढ्ने यात्रु र चालकको पहिलोपटक बिमा गरिएको छ । फेवा डुङ्गा व्यवसायी सङ्गठनले फेवातालमा डुङ्गा चलाउने चालक तथा डुङ्गामा सयर गर्ने यात्रुको बिमा गरेको हो ।

सङ्गठनले शिखर इन्स्योरेन्स कम्पनीसँग आगामी एक वर्षका लागि लागू हुने गरी बिमा गरिएको सङ्गठनका अध्यक्ष बलराम गिरिले जानकारी दिनुभयो । उहाँका अनुसार तालमा कुनै किसिमको दुर्घटना भई घाइते भएमा उपचार खर्चबापत रु एक लाख प्रदान गरिने छ भने मानविय क्षति भएमा परिवारले रु पाँच लाख प्राप्त गर्नेछन् । सङ्गठनमा दर्ता भई सञ्चालनमा रहेका डुङ्गामा यो नियम लागू हुने अध्यक्ष गिरिले जानकारी दिनुभयो । "बिमाका लागि पहिलादेखिनै प्रयास गरेका थियौं तर सफल हुन सकिएको थिएन । सुरक्षाका दृष्टिकोणले बिमा अत्यावश्यक देखिएकाले पहिलोपटक यो व्यवस्था सुरु गरेका छौं । यसबाट डुङ्गा चालक तथा सवार यात्रुले सुरक्षित महसुस गर्ने वातावरण बनेको छ भने यसको सन्देशले सकारात्मक प्रभाव पार्ने विश्वास लिएका छौं", उहाँले भन्नुभयो ।

फेवातालमा बर्सेनि विभिन्न किसिमका दुर्घटना हुँदै आएका छन् । बिमा गरेसँगै डुङ्गा चालकले सुरक्षाको महसुस भएको प्रतिक्रिया दिएका छन् । फेवातालका विभिन्न आठ वटा डुङ्गा स्टेसनबाट ८४७ डुङ्गा सञ्चालन भइरहेका छन् । यहाँ झण्डै ३५० जना डुङ्गा चालक छन् ।

# गाडी दुर्घटनामा मुस्ताङ घुमेर फर्कंदै गरेका पाँच जना आन्तरिक पर्यटक घाइते

म्याग्दी । अन्नपूर्ण गाउँपालिका-३ दानाको तितरमा सोमबार गाडी दुर्घटना हुँदा मुस्ताङ घुमेर फर्कंदै गरेको पाँच जना आन्तरिक पर्यटक घाइते भएका छन् ।

जोमसोमदेखि बेनीतर्फ आउँदै गरेको बा१९च ५६०२ नम्बरको स्कोर्पियो जिप ओरालो सडकमा 'ब्रेक' फेल भई सडक छेउको डिभाइडरमा ठोक्किएर दुर्घटनामा परेको हो । गाडीमा सवार आठ जनामध्ये दुर्घटनामा परी घाइते भएका पाँच जनालाई प्रदेश अस्पताल बेनीमा ल्याएर उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले बताउनुभयो । घाइते भएका काठमाडौं बानेश्वर निवासी ४१ वर्षीया रञ्जु श्रेष्ठ, पोखरा महानगरपालिका-७ जिरो किलोमिटर निवासी ४६ वर्षीया बिन्दु बराल, ५० वर्षीय केशवप्रसाद बराल, ५३ वर्षीय देवेन्द्र बराल र ताप्लेजुङको श्रीजङ्घा गाउँपालिका-२ निवासी ३६ वर्षीय तारा कुँवर खतरामुक्त रहेका र स्वास्थ्यमा सुधार भएको प्रदेश अस्पताल बेनीले जनाएको छ ।

स्कोर्पियो चालक काभ्रेको फूलबारी नगरपालिका-२ घर भई हाल पोखरा-१० अमरसिंहचोक बस्ने ४२ वर्षीय नहकुलप्रसाद पुरासैनीलाई प्रहरीले नियन्त्रणमा लिइ घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# प्राथमिकता निर्धारण गरी विपद्को पूर्वतयारीमा लाग्नुपर्छ

काठमाडौं । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्राथमिकता निर्धारण गरी विपद् व्यवस्थापन र पूर्वतयारीमा लाग्न विषयगत क्षेत्रका प्रतिनिधिहरूलाई आग्रह गरेको छ ।

यस वर्षको मनसुनको पूर्वतयारीका सन्दर्भमा सोमबार सिंहदरबारमा भएको विषयगत क्षेत्रका नेतृत्वकर्ता र सह-नेतृत्वकर्ता (लिड्स र कोलिड्स) मन्त्रालय र सङ्घसंस्थाका प्रतिनिधिहरूसँगको छलफलमा प्राधिकरणले मनसुन भित्रिने समय भइसकेकाले आइपर्ने मनसुनजन्य विपद्को पूर्वतयारीमा जुट्न आग्रह गरेको हो । प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले प्राथमिकता निर्धारण गरी पूर्वतयारीका काममा लाग्न सबैलाई आग्रह गर्नुभयो । उहाँले विषयगत समितिलाई प्राप्त जिम्मेवारी पूर्ण रूपमा कार्यान्वयन गरेको खण्डमा पूर्वतयारीका काम प्रभावकारी हुनेसमेत बताउनुभयो । छलफलमा विषयगत क्षेत्रका लिड्स-मन्त्रालय र कोलिड्स-विभिन्न सङ्घ संस्थाका प्रतिनिधिले आआफ्नो क्षेत्रमा भइरहेको पूर्वतयारीबारे जानकारी गराउनुभएको थियो । गृह मन्त्रालयका सहसचिव, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख सुरेश पन्थीले विपद् जोखिम न्यूनीकरण सरकारको प्राथमिकतामा रहेकाले सोही अनुसार काम गर्नुपर्ने बताउनुभयो ।

स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, पोषणलगायत गरी ११ वटा विषयगत क्षेत्रहरू तोकिएका छन् । प्राधिकरणले यसअघि विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय कार्ययोजना तयार पारी लागू गरिसकेको छ । सोहीअनुसार नेपालमा ५१ हजार परिवारका दुई लाख २६ हजार बढी नागरिक प्रभावित हुने आकलन गरिएको छ ।

सोहीअनुसार विषयगत समिति तयारीमा रहनुपर्नेमा जोड दिइएको कार्यकारी प्रमुख कोइरालाले बताउनुभयो । उहाँका अनुसार यसपालिको मनसुनमा कम वर्षा हुने र गर्मी बढी हुने आकलन गरिएको छ ।

# स्वीकृतभन्दा बढी शय्या सञ्चालन गर्ने मेडिकलबाट बेरुजु रकम असुल गरिने

काठमाडौं । स्वीकृति पाएकोभन्दा बढी शय्या थपेर सञ्चालन गरिरहेका मेडिकल कलेजमाथि सरकारले कारबाही प्रक्रिया सुरु गरेको छ । आफैं शैया थपेर सञ्चालन गरिरहेका मेडिकल कलेजबाट बढी भएको रकम असुली गरिने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको हो ।

मन्त्रालयले त्यस्ता मेडिकलबाट करिब रु एक करोड ७८ लाख ४४ हजार बेरुजु रकम रहेकाले उक्त रकम उठाउने तयारी थालेको जनाएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले स्वास्थ्य क्षेत्रका बेथितिहरू क्रमशः हटाउँदै जाने क्रममा पाँच वर्षअघिको बेरुजु असुल गर्नेगरी काम सुरु गरिएको बताउनुभयो ।

उहाँले बढी भएको रकम असुली गर्ने कार्य सुरु भइसकेको जनाउँदै थप कलेजहरूका अन्य क्रियाकलापका बारेमा पनि सरकारले अनुगमन गरिरहेको उल्लेख गर्नुभयो । "राजधानीसहित देशका विभिन्न भागमा सञ्चालित ११ वटा मेडिकल कलेजले स्वीकृति पाएभन्दा बढी शय्या थपेर अतिरिक्त आम्दानी गरिरहेका छन् । तर कर तथा दस्तुर भने स्वीकृत शय्या सङ्ख्या बराबरको मात्र बुझाउने गरेका छन्", उहाँले भन्नुभयो ।

महालेखा परीक्षकको प्रतिवेदनले करिब पाँच वर्षअघि मेडिकल कलेजको यो प्रवृत्तिबारेमा जानकारी गराएर ती मेडिकल कलेजबाट असुल उपर गर्नुपर्ने रकम उल्लेख गरेको थियो । सोही आधारमा स्वास्थ्य मन्त्रालयले थपिएका शय्या सङ्ख्या बराबरको दस्तुरबापतको थप रकम बेरुजुका रूपमा सङ्कलन गरी सञ्चित कोषमा दाखिला गर्न लागेको जनाएको छ ।

स्वीकृतभन्दा बढी शय्या राखी कमाउने मेडिकल कलेजमा भरतपुरको चितवन मेडिकल कलेज, ललितपुरको मेडसिटी मेडिकल कलेज, पोखराको गण्डकी मेडिकल कलेज, विराटनगरको नोबेल मेडिकल कलेज तथा काठमाडौंको नेपाल मेडिकल कलेजले आर्थि वर्ष २०७६/७७ देखि शय्या थप गरेकाले सोही समयदेखिको बेरुजु रकम असुल उपर गरिने मन्त्रीमेहताले जानकारी दिनुभयो ।

## नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश नेपाल

### निष्कृय (संञ्चालनमा नरहेका) सहकारी संस्था खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशन मिति : २०८३/०२/२६)

नीलकण्ठ नगरपालिका सहकारी ऐन, २०७४ को दफा ६६ को उपदफा (३) (क) अनुसार लगातार दुई वर्षसम्म कुनै पनि कारोबार नगरी निष्कृय रहेको संस्थाको दर्ता खारेजी गर्न सक्ने कानूनी प्रावधान रहेकोमा देहायका संस्थाहरुको विगत दुई वर्ष वा सो भन्दा बढी समय देखि संस्था सञ्चालनमा रहेको कुनै प्रमाणहरु प्राप्त नभएको, संस्थाले यस कार्यालयमा बुझाउनुपर्ने कुनै पनि कागजात एवं प्रमाणहरु पेश गरेको नपाइएको तथा अनुगमनका क्रममा संस्था संचालनमा समेत नदेखिएको हुँदा नीलकण्ठ नगरपालिकाको सहकारी ऐन बमोजिम निष्कृय सहकारी संस्थाको सूचीमा समावेश गरी दर्ता खारेज गर्नुपर्ने देखिएको छ । यस सम्बन्धमा संस्थाको दायित्व बाँकी रहेनरहेको, कोही कसैको भुक्तानी बाँकी रहेनरहेको समेत जानकारी उपलब्ध गराईदिनुहुन सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध गरिन्छ । साथै उक्त संस्था खारेज नगर्नु पर्ने कुनै कारण भएमा सो को स्पष्ट कारण सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित संस्थाले कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । अन्यथा कानून बमोजिम खारेजीको प्रक्रियामा लगिने व्यहोरा समेत सबैमा जानकारी लागि अनुरोध छ ।

तपशिल

| क्र.स. | नाम | दर्ता नं | ठेगाना |
|---|---|---|---|
| १. | हातेमालो बहुउद्देश्यीय सहकारी संस्था लि. | १०/२०७९/८० | नीलकण्ठ-५,धादिङ |
| २. | शंखादेवी बचत तथा ऋण सहकारी संस्था लि. | २४२/०५८/०५९ | नीलकण्ठ-५,धादिङ |

प्रमुख प्रशासकीय अधिकृत

प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com